# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजश्व, पाँचौ, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२१

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

### विषय: सेवा सम्बन्धी

प्रत्येक **खण्डको** उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" ५० अङ्क

१. आर्थिक प्रशासनको परिचय दिँदै यसका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् । २+३=५

२. केन्द्रीय निकायहरूले प्रत्येक वर्ष फागुन मसान्तभित्र मध्यकालीन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने हुन्छ । उक्त विवरणमा के-के विषय खुलाइएको हुनुपर्दछ? उल्लेख गर्नुहोस् । ५

३. व्यवस्थापन सूचना प्रणालीका लागि सूचनाका स्रोतहरू के-के हुन सक्छन्? लेख्नुहोस् । ५

४. कर प्रणालीमा स्वयम् कर निर्धारण भन्नाले के बुझिन्छ? यसका सवल पक्षहरू उल्लेख गर्नुहोस् । २+३=५

५. अवकाश कोष भनेको के हो? अवकाश कोषको भुक्तानी कस्तो अवस्थामा गर्न सकिन्छ? लेख्नुहोस् । २+३=५

६. कुन-कुन भुक्तानीहरू अन्तिम कर कट्टी भै भुक्तानी भएका हुन्छन्? उल्लेख गर्नुहोस् । ५

७. नगदमा आधारित लेखा प्रणाली र प्रोदभावी लेखा प्रणालीबीचको समानता र भिन्नताबारे उल्लेख गर्नुहोस् । ५

८. आयगत खर्च (Revenue Expenditure) भनेको के हो? छोटकरीमा लेख्नुहोस् । ५

९. नेपालमा योजनाबद्ध विकास प्रयासका क्रममा हालसम्म प्राप्त भएका प्रमुख उपलब्धिहरूको चर्चा गर्दै योजना पद्धति अपेक्षितरूपमा प्रभावकारी हुन नसक्नुका कारणहरू र समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । ३+३.५+३.५=१०

### खण्ड "ख" ५० अङ्क

१०. सन्तुलन परीक्षण (Trial Balance) भन्नाले के बुझ्नुहुन्छ? वित्तीय विवरणमा नाफा-नोक्सान खाता (Profit and Loss A/C) र वासलात (Balance Sheet) बीचको भिन्नता प्रस्तुत गर्नुहोस् । २+३=५

११. लेखापरीक्षण (Audit) को परिचय दिनुहोस् । नेपाल नागरिक उड्डयन प्राधिकरणमा गरिने आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबीचको प्रमुख भिन्नताहरू उल्लेख गर्नुहोस् । १+४=५

१२. कर लेखापरीक्षण (Tax Audit) भन्नाले के बुझिन्छ? छोटकरीमा प्रकाश पार्नुहोस् । ५

क्रमशः

१३. बेरूजु भन्नाले के बुझिन्छ? नेपाल नागरिक उड्डयन प्राधिकरणमा बेरूजु फछ्र्यौट सम्बन्धी के-कस्तो व्यवस्था अवलम्बन गरिएको छ? संक्षेपमा उल्लेख गर्नुहोस् । १+४=५

१४. Electronic Spreadsheet को उपयोगिताका बारेमा उदाहरणसहित स्पष्ट पार्नुहोस् । ५

१५. कुनै ४ व्यक्तिले एक काम सम्पन्न गर्न प्रतिदिन ८ घण्टाका दरले काम गर्दा ६ दिनमा सक्छन् भने सो काम ४ दिनमा सक्ने गरी १२ जना मानिस परिचालन गर्दा उनीहरूले प्रतिदिन कति घण्टा काम गर्नुपर्ला? ५

१६. नेपालको संविधानअनुसार नागरिकको कर्तव्य के-के हुने व्यवस्था छ? लेख्नुहोस् । ५

१७. सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको सोझै खरिदसम्बन्धी व्यवस्थाहरू उल्लेख गर्नुहोस् । ५

१८. नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापनाको उद्देश्य चर्चा गर्दै नेपालको आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रको विकास र विस्तारमा नागरिक उड्डयन प्राधिकरणको भूमिका (Role) कस्तो हुनुपर्छ भन्ने अपेक्षा गर्नुहुन्छ? उल्लेख गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणमा विद्यमान समस्याहरूको बुँदागतरूपमा पहिचान गर्नुहोस् । २+४+४=१०

:: समाप्त ::